स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## बैठक संख्या (२)

आज मिति २०८२/०५/२० गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती:-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारी:-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

CamScanner

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
२. नागरिक आरोग्य केन्द्र सम्बन्धमा ।
३. उपभोक्ता समिति गठन सम्बन्धमा ।
४. विज्ञापन सम्बन्धमा ।
५. तह मिलान सम्बन्धमा ।
६. २४ घण्टे स्वास्थ्य सेवा थप तथा ई-हाजिरी सम्बन्धमा ।
७. निजामति दिवस सम्बन्धमा ।
८. विधुत कर्मचारी सम्बन्धमा ।
९. भूक्तानी बाँकी सम्बन्धमा ।
१०. मूल्याङ्कन समिति गठन सम्बन्धमा ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका वडा नं. २ मा संञ्चालित आयुर्वेधिक आरोग्य केन्द्रलाई सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मेलौली, बैतडीको प.सं.-२०८२/०८३, च.नं.-२, मिति २०८२/०४/०१ गतेको पत्रानुसार आर्थिक वर्ष २०८२/०८३ देखि सम्बन्धित स्थानीय तहबाट नै संचालन हुनेगरी संघीय सरकारबाट केही बजेट विनियोजन भई आएको र अपुग रकम गाउँपालिकाले व्यहोर्ने गरी अब उपरान्त नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत अभियानकर्ता र का.स.लाई साविकको करार सम्झौतामा भएका सेवा र शर्त बमोजिम सेवा करार निरन्तरताका साथै सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी गाउँपालिकाले लिने निर्णय गरियो।

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका अन्तर्गत पर्ने ६ ओटै वडामा चालू आ.व. मा विनियोजित पुंजिगत तर्फका पालिका / वडा स्तरीय योजनाहरुको प्रत्येक टोलमा गई २०८२ कार्तिक १५ गतेसम्म उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघीय शसर्त अनुदान तर्फको "**म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम**" सञ्चालन गर्न यस गाउँपालिकामा जनस्वास्थ्य अधिकृत (सातौं) पदको करार सेवामा विज्ञापन गर्ने निर्णय गरियो ।

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. (५) को प्रस्ताव नं. ५ माथि छलफल गर्दा "सदुरपश्चिम प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१" प्रदेश राजपत्रमा प्रकाशित भई लागु भईसकेको अवस्थामा तालुक श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी कैलालीको मिति २०८२/०३/२० च.नं.१६४६ को पत्रानुसार निर्णय कार्यान्वयनका लागि पत्राचार भए अनुसार निर्णयको व्यहोरा बमोजिम (क) **सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ९ बमोजिमको तह मिलान सम्वन्धित स्थानीय तहबाटै कार्यान्वयन हुने भएकाले** सोही बमोजिम गर्नका लागि तह मिलान गर्न छुट भएका कर्मचारीहरुको तह मिलान गर्ने निर्णय सर्वसम्मत्तिले पारित गरियो ।

निर्णय नं. (६) को प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिलका स्वास्थ्य संस्थाबाट २४ घण्टे स्वास्थ्य सेवा प्रदान गर्न थप गर्ने गरियो ।साथै शर्माली स्वास्थ्य चौकी, उदयदेव स्वास्थ्य चौकी, श्रीपूर आधारभूत स्वास्थ्य सेवा केन्द र उदयदेव आधारभूत स्वास्थ्य सेवा केन्दमा ई-हाजिरी समेत जडान गर्ने निर्णय गरियो ।

**तपसिलः-**

१. श्रीपूर आधारभूत स्वास्थ्य सेवा केन्द-शिवनाथ-३, बैतडी

२. उदयदेव आधारभूत स्वास्थ्य सेवा केन्द-शिवनाथ-५, बैतडी

निर्णय नं. (७) को प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८२/०५/२२ गतेका दिन विभिन्न कार्यक्रम गरी निजामति दिवस मनाउने निर्णय गरियो ।

निर्णय नं. (८) को प्रस्ताव नं. ८ माथि छलफल गर्दा हाल शिवनाथ गाउँपालिकाका विभिन्न ठाउँमा विद्युत विस्तार गरी सकेकोले समय-समयमा विद्युत आपूर्तीमा समस्या र विद्युत महसुल बुझाउन समेत पाटन धाईरहनु पर्ने समस्यालाई मध्यनजर गरी शिवनाथ गाउँपालिकाको केन्द्रमा शाखा काउन्टर सञ्चालनको लागि विद्युत प्राधिकरण शाखा कार्यालय, बैतडी र उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. (९) को प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको गत आ.व. २०८१/०८२ को भुक्तानी बाँकीको प्रमाणित म.ले.प. फाराम नम्वर २२१ मा उल्लेखित सि.न. १ देखि ४ सम्मका रकम तपसिलको बजेट शिर्षकबाट भुक्तानी दिने गरी अनुमोदन गर्ने निर्णय गरियो

**तपसिलः-**

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

१. सि.न. (१) को भुक्तानी आ.व. २०८२/०८३ मा विनियोजित सवारी साधन मर्मत बजेट शीर्षकबाट खर्च गर्ने ।

२. सि.न. (२) को भुक्तानी आ.व. २०८२/०८३ मा विनियोजित सवारी साधन मर्मत बजेट शीर्षकबाट खर्च गर्ने ।

३. सि.न. (३) को भुक्तानी आ.व. २०८२/०८३ मा विनियोजित मसलन्द बजेट शीर्षकबाट खर्च गर्ने ।

४. सि.न. (४) को भुक्तानी आ.व. २०८२/०८३ मा विनियोजित मसलन्द बजेट शीर्षकबाट खर्च गर्ने ।

निर्णय नं. (१०) को प्रस्ताव नं. १० माथि छलफल गर्दा शिवनाथ गाउँपालिकाको सम्पत्ति तथा जिन्सी माल समान लिलाम सम्बन्धि कार्यविधि, २०८१ को अनुसूची – १ बमोजिम सम्पत्ति तथा जिन्सी माल समानको मूल्याङ्कन गर्न देहाय बमोजिका प्रतिनिधिहरु रहेको मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

देहायः-

१. संयोजक श्री राजेन्द्र दयाल (कार्यपालिका सदस्य)
२. सदस्य श्री सुनिल चन्द (भौतिक पूर्वाधार शाखा प्रमुख)
३. सदस्य श्री देवराज सापकोटा (आर्थिक प्रशासन शाखा प्रमुख)
४. सदस्य श्री ................................. ।
५. सदस्य सचिव श्री कोमल विक्रम सिंह (जिन्सी शाखा प्रमुख)

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत